# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको
# सातौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

**(पाना नं. १ देखि ९ सम्म अभिलेख)**

## १. वार्षिक साधारण सभा

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड सञ्चालक समितिको मिति २०८२ साल मंसिर १ (१७ नोभेम्बर २०२५) गते बसेको १७२औं बैठकको निर्णयानुसार बैंकको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालको अध्यक्षतामा देहाय बमोजिमका विषयहरुमा देहाय बमोजिम छलफल तथा निर्णय गर्दै सु-सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०८२ साल मंसिर २३ गते, मंगलवार (डिसेम्बर ९, २०२५) ।
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं ।
सभा शुरु भएको समय : बिहान ९ बजे ।
उपस्थिति पुस्तिका विहान ८:०० बजे देखि खुल्ला राखिएको थियो ।

## ३. सभामा छलफलका तथा निर्णयका लागि निर्धारित विषयहरु

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि वाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को वित्तीय विवरण अनुसार उक्त आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफामध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैया) को ६.३१५८% (छ दशमलव तीन एक पाँच आठ प्रतिशत) ले हुने रकम रु.१,३६,४२,१२,८००/- (एक अर्ब छत्तिस करोड बयालिस लाख बाह्र हजार आठ सय रुपैंया) नगद लाभांस (लाभांस कर प्रयोजन समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**(ख) सर्बसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको लागि निर्वाचन गर्ने ।**

**(ग) विविध**

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

## ४. उपस्थिति

**सञ्चालकहरुको उपस्थितिः**

| | |
|---|---|
| श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड) | अध्यक्ष (संस्थापक समुह) |
| श्री अमृत लम्साल (प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय) | सञ्चालक (संस्थापक समुह) |
| श्री सुमन पोखरेल (प्रतिनिधि, ग्लोबल आइएमई बैंक लिमिटेड) | सञ्चालक (संस्थापक समुह) |
| श्री विशाल उप्रेती (प्रतिनिधि, इमर्जिङ्ग नेपाल लिमिटेड) | सञ्चालक (संस्थापक समुह) |
| श्री लिमा अधिकारी आचार्य | सञ्चालक (सर्वसाधारण समुह) |
| श्री प्रवीण सुवेदी | सञ्चालक (सर्वसाधारण समुह) |
| श्री महेश प्रसाद दहाल | सञ्चालक (स्वतन्त्र) |

**पदाधिकारीहरुको उपस्थितिः**

श्री कृष्ण बहादुर अधिकारी - प्रमुख कार्यकारी अधिकृत
श्री सुर्य बहादुर तामाङ - सहायक प्रमुख कार्यकारी अधिकृत
श्री विनयनाथ न्यौपाने - सहायक प्रमुख कार्यकारी अधिकृत
श्री सुवर्ण कुमार सिंह - कार्यकारी भाईस प्रेसिडेन्ट
श्री रविन श्रेष्ठ - कार्यकारी भाईस प्रेसिडेन्ट
श्री इश्वर बन्धु गौतम - कम्पनी सचिव

त्यसैगरी बैंक सञ्चालक र पदाधिकारीहरु बाहेक सभामा बैंकका आदरणीय शेयरधनीहरुको बाक्लो उपस्थिति रहेको थियो । सभामा बैंकको निमन्त्रणा स्वीकार गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिनिधि श्री सर्मिला खतिवडा, बैंकका लेखापरिक्षक BRS Neupane & Co., Chartered Accountants का पार्टनर श्री विनय प्रकाश श्रेष्ठ, बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटलका प्रमुख कार्यकारी अधिकृत श्री मन्दिप लुईटेल, बैंकका कर्मचारीहरु, सञ्चारकर्मि एवं अन्य सरोकारवालाहरु समेत पाल्नु भएको थियो ।

## ५. सभाको सूचना तथा आवश्यक विवरण

बैंकको सातौं वार्षिक साधारण सभा बस्ने बारेको जानकारी एवं आ.व. २०८१/८२ को संक्षिप्त आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०८२ मंसिर २ गते र ३ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनीक एवं मंसिर ११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनीकमा सूचना प्रकाशित गर्नुका साथै शेयरधनी महानुभावहरुको सहजताको लागि सभाबारेको जानकारी तथा सञ्चालक समितिको प्रतिवेदन बैंकको वेभसाइटमा राखि सार्वजनीक रुपमा सूचित गरिएको भनि कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

## ६. शेयरधनीहरुको उपस्थिति

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयरधनीको संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधि पत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| २१,६०,००,००० | ९,४७,३२० | १,४०२ | ४३२ | १,८३४ | १२,०६,८५,४३८ | ५५.८७ |

## ७. गणपुरक संख्या एवम् बैधानिकता

सभा विधिवत रुपमा शुरु गर्नुअघि कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून र बैंकको नियमावली बमोजिम बोलाइएको र सभा गर्न कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।



Nepal Infrastructure Bank Ltd. Kathmandu NIFRA

८. **आसन ग्रहण**

गणपुरक संख्या पुगेको र सभा बैधानिक रहेकोले कम्पनी सचिवको अनुरोधमा बैंकका सञ्चालकहरु, आमन्त्रित शेयरधनी महानुभावहरु, अतिथिहरु, संचारकर्मिहरु तथा बैंकका पदाधिकारीहरु लगायत सबैले आसन ग्रहण गर्नुभयो ।

९. **राष्ट्रिय गान**

आसन ग्रहण पश्चात कम्पनी सचिवको अनुरोधमा सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

१०. **सभाको अध्यक्षता, पानसमा दीप प्रज्वलन र सभा संचालन**

राष्ट्रिय गानमा सहभागी भए पश्चात कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम बैंकको सातौं वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन र पानसमा दीप प्रज्वलन गरी सभालाई औपचारिकता प्रदान गरिदिनुहुन कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गरे बमोजिम अध्यक्षले पानसमा दीप प्रज्वलन गर्नुभयो र अध्यक्षको अनुमतिमा कम्पनी सचिवले साधारण सभाको काम कारवाही अगाडि बढाउनु भयो ।

११. **अध्यक्षज्यूबाट आफ्नो मन्तब्य सहित सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत**

कम्पनी सचिवले अध्यक्षज्यूलाई आफ्नो मन्तब्य सहित आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन सभा समक्ष राख्न अनुरोध गर्नुभएबमोजिम अध्यक्षले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई बैंकको तर्फबाट सभामा स्वागत गर्दै सभा समक्ष बैंकको वर्तमान अवस्था साथै भावी रणनीतिक योजना र सोमा आधारित कार्यक्रमहरु उदृत गर्दै सञ्चालक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सहित आफ्नो मन्तब्य राख्नुभयो ।

१२. **छलफलका लागि आव्हान**

आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सहित अध्यक्षले आफ्नो मन्तव्य राखिसके पश्चात आजको यस सभामा निर्धारित प्रस्तावहरु माथि छलफल तथा बैंकसँग सम्बन्धित कुनै पनि विषयमा जिज्ञासा, प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन भनि कम्पनी सचिवले सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभयो ।

१३. **जिज्ञासा, प्रश्न तथा सुझावहरु**

उपस्थित आदरणीय शेयरधनी महानुभावहरुलाई छलफल, जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आव्हान गर्नुभएकोमा शेयरधनीहरुले सभामा राख्नु भएका सुझाव, जिज्ञासा एवं प्रश्नहरुको सारसंक्षेप देहाय बमोजिम रहेको थियो ।

i. आदरणीय शेयरधनी श्री जगन्नाथ आचार्यले बैंकले दिएको लाभांस ठिकै भएतापनि आगामी वार्षहरुमा लभांस दर बढाउन पर्नेमा जोड दिनुभयो । साथै लाभांस घोषणा गर्दा नगद लाभांस भन्दा बोनस शेयरलाई प्राथमिकतामा राखेमा साना शेयरधनीहरुलाई थोरै भएपनि राहत मिल्ने थियो भन्नुभयो । त्यस्तै उहाँले मंसिर महिनामा नै साधारण सभा गर्न सकेकोमा बैंकलाई विशेष धन्यवाद दिदै आगामी वर्ष दशैं अगावै साधारण सभा गर्नेगरी अघि बढ्न बैंकलाई सुझाव दिनुभयो । अन्त्यमा, साधारण सभामा पेश भएका प्रस्तावमा समर्थन रहेको बताउँदै यो सातौं वार्षिक साधारण सभाको सफलता एवं बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो भनाई सम्पन्न गर्नु भयो ।

ii. आदरणीय शेयरधनी श्री भेषराज भण्डारीले पूर्वाधार बैंक आफैमा राम्रो रहेतापनि वित्तीय विवरणका सूचकाङ्कहरुमा थप सुधार हुनेगरी कार्य गर्न सुझाव दिनुभयो । उहाँले लेखापरीक्षकलाई प्रदान गर्ने

शुल्कमा बिचार पुऱ्याउन र बैंक संचालक समितिको बैठकमा सदस्यहरुको अनुपस्थितिको दरलाई कम गर्न सुझाव दिँदै बैंकको थप प्रगतिको कामना गर्दै आफ्नो भनाई टुङ्गाउनु भयो ।

iii. आदरणीय शेयरधनी श्री उद्धव प्रसाद घिमिरेले लाभांश दर कम भएको बताउदै लभांसको दर बढाउन तर्फ लाग्नु पर्ने बताउनु भयो । साथै उहाँले वार्षिक प्रतिवेदनको अन्तिम पृष्ठमा अन्य कुराहरु भन्दा नेपालको नक्सा राख्दा बढी प्रभावकारी हुने थियो भन्ने सुझाव दिनुभयो । त्यस्तै पुँजी थप गर्नेतिर लाग्न सञ्चालक समितिलाइ सुझाव दिनुभएका उहाँले साधारण सभामा पेश भएका प्रस्तावमा समर्थन रहेको बताउँदै बैंकले आगामी दिनमा थप प्रगती गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

iv. आदरणीय शेयरधनी श्री शत्रुधन श्रेष्ठले बैंकले राम्रो गरिरहेको बताउँदै आउँदा वर्षहरुमा बैंकले अझै राम्रो गर्नेछ भन्ने आफुलाई विश्वास लागेको विषय सभा समक्ष राख्नुभयो । साथै वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरुमा आफ्नो पूर्ण समर्थन रहेको बताउनु भयो ।

v. आदरणीय शेयरधनी श्री इन्द्र प्रसाद लामिछानेले पनि लाभांसदर कम भएको बताउदैं आगामी दिनमा लाभांस दर बढ्ने आशा लिएको बताउनु भयो । साथै, उहाँले केही वित्तीय सुचाङ्कहरु घटेको देखिएकोले त्यसतर्फ विशेष चनाखो रहन सुझाव दिनुभयो । त्यस्तै, उहाँले सञ्चालक निर्वाचन सर्वसम्मत हुने वातावरण बनाउन सबैसँग अनुरोध गर्नुभयो ।

vi. आदरणीय शेयरधनी श्री उत्तम दत्त पाण्डेले हाम्रो अर्थात सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्दै निर्वाचित हुने सञ्चालकहरुले पक्कै पनि सर्वसाधारण शेयरधनीलाई फाईदा पुऱ्याउने गरी काम गर्नुहुनेछ भन्ने धारणा राख्दै ठूला परियोजनाहरुमा लगानी बढाउन सफल यस बैंकले आगामी दिनमा थप प्रगति गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

vii. आदरणीय शेयरधनी श्री ब्रह्मदेव शाक्यले नगद लाभांस सहितका आजको बैठकमा पेश भएका सबै प्रस्तवहरुमा आफ्नो समर्थन रहेको बताउनु भयो । त्यस्तै उहाँले समयमै साधारण सभा गरेर बैंकको संस्थागत सुशासन चुस्त रहेको परिभाषित गरेको भन्दै उहाँले आउँदा दिनमा बैंकको समग्र प्रगति हेर्न चाहेको बताउँनु भयो ।

viii. आदरणीय शेयरधनी श्री गोविन्द बहादुर के.सी. ले सभामा समसामयिक विषयहरुमा धारणा राख्नु भएको थियो । सो क्रममा उहाँले यस बैंकले अन्य बैंक तथा वित्तीय संस्थासँग कसरी प्रतिस्पर्धा गरी अगाडि बढ्ने भन्ने विषयमा दरिलो रणनीतिक योजनाको खाँचो रहेको विषयमा जोड दिनुभयो । त्यस्तै उहाँले बैंकको आधार दर बढी भएको बताउँदै यसलाई कसरी कम गर्न सकिन्छ भन्नेतर्फ बेलैमा बिचार पुऱ्याउन सुझाव दिनुभयो । बैंकको अधिकांस लगानी जलविद्युत् परियोजनाहरुमा देखिएकोले बैंकले अब जलविद्युत वाहेक कुन सेक्टरमा लगानी गर्दै छ भन्ने प्रश्न राख्नुभयो । त्यसैगरी आफुले बैंकसँग Inflation Rate भन्दा माथिको लाभांसको अपेक्षा राखेको विषय राख्दै आफ्नो भनाई टुङ्गाउनु भयो ।

ix. आदरणीय शेयरधनी श्री सुदिप श्रेष्ठले समयमै साधारण सभा आयोजना गर्न सकेकोमा सबैलाई धन्यवाद दिनुभयो । उहाँले बैंकले जलविद्युतमा मात्र नभएर सोलार लगायतका परियोजनाहरुमा पनि लगानी बढाउँदै जानुपर्नेमा जोड दिनुभयो । उहाँले शेयरधनीको पहिलो चासो लाभांस नै हुने कुरालाई भने बैंकले केन्द्रमा राखेर लाभांस दर बृद्धिगर्ने तर्फ लाग्न सुझाव दिँदै आगामी दिनमा बैंकले अझ राम्रो गर्दै जाओस् भन्ने शुभकामना सहित सभामा पेश भएका सबै प्रस्तावहरुमा आफ्नो समर्थन रहेको बताउँदै उहाँले आफ्ना विचारहरु टुङ्गाउनु भयो ।

x. आदरणीय श्री शेयरधनी लवराज जोशीले सभा विहानको ९ बजे राख्दा शेयरधनीहरुलाई सभा स्थलसम्म पुग्न कठिन भएको गुनासो राख्नुभयो । अगामी साधारण सभा मंसिर पुसको चिसो बिहानीमा नराख्न अनुरोध गर्नु भएका उहाँले बैंकले दिएको लाभांस ठिकै रहेको प्रतिकृया दिनुभयो । साथै उहाँले यो बैंकले



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

अन्य बैंकहरुले गरेजस्तो सामान्य बैंकिङ्ग व्यवसाय मात्र नगरी मुलुकको पूर्वाधार क्षेत्रमा विशेष योगदान पुऱ्याउने गरी अघि बढ्न सुझाव दिनुभयो ।

xi. आदरणीय शेयरधनी श्री व्यास कुमार शर्माले भुकम्प, कोभिड, जेनजी आन्दोलन जस्ता विभिन्न घटनाक्रमहरुले आम मानिसको मनोवल र आशा दुवै घट्दै गएको र मुलुकको अर्थतन्त्र कठिन परिस्थितिमा रहेको बताउनु भयो । यस्तो अवस्थामा पनि यस बैंकले निष्कृय कर्जा शून्य राख्न सकेको कुरा निकै राम्रो रहेकोले बैंकलाई बधाई दिनुभयो । यद्यपी बैंकमा जुनसुकै बेला समस्या आउन सक्ने हुनाले सोप्रति चनाखो रहन सुझाव दिनुभयो । त्यस्तै Cyber Security बैंकको लागि पेंचीलो विषय भएकोले सोतर्फ ध्यान पुऱ्याउन सुझाव दिनुभयो । अन्त्यमा, बैंकसँग स्रोत थुप्रिएकोले यो राम्रो मान्न नसकिने भन्दै उक्त स्रोतलाई परिचालन गरी वित्तीय सूचकहरुमा सुधार गर्न सुझाव दिदैं बैकले आगामी दिनहरुमा राम्रो गर्दै जाओस् भन्ने सुभेक्षा व्यक्त गर्नुभयो ।

xii. आदरणीय शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले बैंकले साना निक्षेपकर्तालाई पनि हुनेगरी CASA लिनेतर्फ लाग्नुपर्ने धारणा राख्नुभयो । बैंकको निक्षेप बृद्धि भएको तुलनामा लगानी भएको पाईएन जसले खुद ब्याज आम्दानीमा असर गऱ्यो भन्दै सोतर्फ गम्भीर हुन ध्यानाकर्षण गराउनु भयो । अन्त्यमा साधारण सभामा पेश भाएका प्रस्तावमा समर्थन रहेको बताउँदै बैंकले आगामी दिनमा थप प्रगती गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

xiii. आदरणीय शेयरधनी श्री गुणराज भट्टले बैंक सञ्चालक समिति, व्यवस्थापन सबै राम्रो हुँदाहुँदै पनि बैंकले दिएको लाभांस राम्रो मान्न सकिने ठाँउ नरहेको बताउनु भयो । यद्यपी आफुले यो बैंकको भविष्य निकै उज्वल देखेकोले हालको पुँजीले मात्र बैंकको उद्देश्य पुरा नहुने हुँदा हकप्रद शेयर जारी गर्नुपर्ने सुझाव दिनुभयो । अन्त्यमा पेश भएका सबै प्रस्तावहरुमा समर्थन सहित उहाँले आफ्नो भनाई टुङ्गाउनु भयो ।

xiv. आदरणीय शेयरधनी श्री रोज कुमार श्रेष्ठले भविष्यमा लाभांश दर बृद्धिमा विशेष ध्यान दिन अनुरोध गर्दै आफ्नो बिचार राख्नु भएका उहाँले वार्षिक प्रतिवेदन राम्रो हुँदाहुँदै पनि यसमा रहेका तस्विरहरुमा क्याप्सन नहुँदा यी तस्विरहरु के सँग सम्बन्धित हुन् बुझ्न कठिन भएकोले तस्विरहरु प्रयोग गर्दा क्याप्सनमा विवरण राख्न सुझाव दिनुभयो । अन्त्यमा सभामा पेश भाएका सबै प्रस्तावहरुमा समर्थन सहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

xv. आदरणीय शेयरधनी श्री निरुपमा गुप्ताले बैंकको वित्तीय विवरण र सुचाकाङ्कहरुको विश्लेषण गर्दै विगतमा भन्दा केही सूचकाङ्कहरु घटेको भएतापनि बैंकको वित्तीय अवस्था राम्रो नै मान्नुपर्ने रहेको बताउनु भयो । धैरै कुराहरु अघिल्ला बक्ताहरुबाट आईसकेको बताउँदै उहाँले सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा विपन्न वर्ग अध्ययनरत विद्यालयहरुलाई प्रत्यक्ष फाईदा हुनेगरी गर्नको लागि विशेष ध्यान पुऱ्याउन अनुरोध गर्नुभयो ।

xvi. आदरणीय शेयरधनी श्री उत्सव श्रेष्ठले बिहानको ९ बजे साधारण सभाको समय राख्दा शेयरधनीहरु चाहेर पनि सभामा उपस्थित हुन नसकेको गुनासो गर्नुभयो । साथै उहाँले शेयरधनीहरुलाई सभाको सूचनामा दिएको हाजिरी समय पनि निकै चाँडो भएकोमा समेत प्रश्न उठाउनु भयो । यसैगरी बैंकले गरेको संस्थागत सामाजिक उत्तरदायित्वका खर्चहरु लक्षित वर्ग/क्षेत्रमा नपुगेको महसुस भएकोले यसप्रति चनाखो हुन अनुरोध गर्नुभयो । त्यस्तै उहाँले बैंकले दिएको लाभांस कम रहेको र यहि लाभांस पनि नगदको सट्टा बोनस शेयर भैदिएको भए साना साना शेयरधनीहरुलाई राहत हुने विषयलाई मनन गरी आउँदा वर्षहरुमा बोनश शेयर प्रदान गर्नेतर्फ बिचार गर्न अनुरोध गर्नुभयो । अन्त्यमा सभा सफलता पूर्वक सम्पन्न होस् भन्ने शुभकामना सहित आफ्ना भनाईहरु टुङ्गाउनु भयो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

xvii. आदरणीय शेयरधनी युगल बसेलले मुलतः खुद नाफ र ब्याज आम्दानी अघिल्लो वर्षको तुलनामा घटेको देखिएकोले निराश बनाएको बताउँदै यसलाई पुरानै लयमा फर्काउन अनुरोध गर्नुभयो । त्यस्तै अन्य वित्तीय विवरण र सुचाकाङ्कहरुको विष्लेषण गर्दै विगतमा भन्दा केही सूचकाङ्कहरु घटेकोको सोलाई सुधार गर्नेगरिको पहल आवश्यक रहेको बताउनु भयो । वित्तीय विश्लेषणलाई मुख्य विषय बनाई बोल्नु भएका उहाँले बैंकको आगामी दिन थप प्रगति उन्मुख रहुन भन्ने आशा सहित सम्पूर्ण प्रस्तावहरुमा आफ्नो समर्थन रहेको भन्दै आफ्ना भनाईहरु टुङ्गाउनु भयो ।

xviii. आदरणीय शेयरधनी श्री डमरु घिमिरेले आगामी वर्षहरुमा बैंकले पक्कै लाभांश दर बढाउने नै छ त्यसको लागि आम्दानीको क्षेत्रहरु बढाउन पर्ने छ भन्दै आफ्नो विचार राख्नुभयो । साथै उहाँले बोनश शेयर वितरण हुनुपर्ने शेयरधनीहरुको भावनालाई ख्याल गर्दै अघि बढ्न सुझव दिनुभयो । अन्त्यमा बैंकले राम्रै गरीरहेको र गर्दै जानेमा आफु विश्वस्त रहेको बताउदै सभामा पेश भएका प्रस्तावमा समर्थन सहित बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

xix. साथै, सभामा देहायका शेयरधनी महानुभावहरुबाट लिखित रुपमा राय सुझावहरु प्राप्त भएका थिए:
- श्री लक्ष्मण बहादुर श्रेष्ठ
- श्री भक्ति प्रसाद उप्रेती
- श्री उत्तम पाठक
- श्री नरसिंह लाल चखुँ
- श्री महेन्द्र बहादुर श्रेष्ठ
- श्री अमिरदास रञ्जित
- श्री भिमलाल पाण्डे
- श्री कृष्ण प्रसाद अधिकारी

उहाँहरुले सभामा पेश गरिएका सबै प्रस्तावहरुमा आ-अफ्नो समर्थन रहेको जनाउँदै आउँदा दिनमा बैंकले थप प्रगति गरोस् भन्ने सुभकामना दिनु भएको थियो । साथै, सबैजसो शेयरधनीहरुले यस बैंकले विशेष प्रकृतिका वहुउद्देश्यीय परियोजनाहरुमा लगानी थाल्नुपर्ने लगायतका सुझावहरु दिनुभएको थियो ।

## १४. जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन

आदरणीय शेयरधनी महानुभावहरुबाट सभा समक्ष उठान भएका विषयहरु, जिज्ञासाहरु एवं प्राप्त सुझावहरुको सम्बोधनको लागि कम्पनी सचिवले बैंक सञ्चालक समतिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गरे बमोजिम अध्यक्षज्यूको पुँजि बढाउन तत्कालको लागि आवश्यक महशुस नभएको लगायतका विषयहरु छोटकरीमा राखिसकेपछि थप सम्बोधन गर्न प्रमुख कार्यकारी अधिकृतलाई आग्रह गर्नुभयो । सोही बमोजिम प्रमुख कार्यकारी अधिकृतले समष्टिगत रुपमा उत्तर दिनुभयो जसको संक्षेपिकरण देहाय बमोजिम रहेको थियो ।

बैंकको जुन जुन क्षेत्रहरु सवल रहे भएको छ त्यसलाई निरन्तरता दिदैं जाने र जुन जुन क्षेत्रहरुमा सुधार आवश्यक छ त्यसमा सुधार गर्दै जाने प्रतिबद्धता सहित आफ्नो भनाई राख्नु भएका उहाँले बैंकले नेपाल राष्ट्र बैंकले दिएको दायरा भित्र रहेर लगानी विविधिकरण गर्दै आईरहेको बताउनु भयो । सोही विषयलाई थप व्याख्या गर्दै प्रदेशगत लगानीको विवरण समेत सभा समक्ष प्रस्तुत गर्नुभयो । त्यस्तै लगानीका क्षेत्रहरुबारे विस्तृत जानकारी गराउँदै उहाँले सूचना प्रविधिको क्षेत्रमा लगानी विस्तार गर्ने विषय बैंकको प्राथमिकतामा रहेका बताउनु भयो । लाभांसको सन्दर्भमा उहाँले पूर्वाधारमा लगानी विस्तार गर्न पनि समय लाग्ने र लगानीबाट प्रतिफल आउन पनि समय लाग्ने हुँदा आदरणीय शेयरधनीहरुले यस विषयमा धैर्यता राख्नु हुनेछ भन्ने हाम्रो आशा रहेको बताउनु भयो । यसैगरी बैंकले सर्वसाधारणबाट बचत एवं चल्ती निक्षेपहरु मार्फत स्रोत संकलन गरोस् भन्ने सुझावमा उहाँले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा यस बैंकले दीर्घकालिन मुद्दती निक्षेप मात्र



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

स्वीकार गर्न सक्ने व्यवस्था रहेको विषय सभा समक्ष राख्नुभयो । आधारदरको सन्दर्भमा बोल्दै उहाँले बैंकसँग रहेको लगानीयोग्य स्रोत कर्जामा परिचालन भए पश्चात बैंकले पुनः कम लागतको स्रोत संकलन गरी आधारदर घटाउने योजना रहेको बताउनु भयो । साथै विगतमा विदेशबाट Green Bond जारी गर्ने भनि सुरुवात गरिएको प्रकृया कहाँ पुग्यो भन्ने सभाको थप जिज्ञासामा उहाँले तत्कालिन अवस्थामा Bond को कुल लागत नेपाल राष्ट्र बैंकबाट स्वीकृत लागत सिमा भन्दा बढी भएको कारणले सो प्रकृयालाई स्थगित गरी ६ प्रतिशत लागत भएको स्वदेशी Green Bond नेपाल भित्रै जारी गरी रु ५ अर्ब संकलन गरिएको विषय राख्दै आदरणीय शेयरधनीहरुका सुझावहरुलाई शिरोधार्य गर्दै बैंक अघि बढ्ने विषयमा सभा समक्ष प्रतिबद्धता व्यक्त गरी आफ्नो भनाई टुङ्गाउनु भयो ।

## १५. प्रस्तावहरुको प्रस्तुति

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभा समक्ष बैंकको आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको सोही अवधिको वासलात, विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीहरु /प्रस्तावहरु सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

## १६. सभाको निर्णय

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित/स्वीकृत गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि वाह्य लेखापरिक्षक (Tax Audit लगायत प्रचलित कानून/व्यवस्था बमोजिम प्रमाणित गर्नुपर्ने कागजात प्रमाणित गर्ने कार्य समेतको लागि) नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भयो । छलफलकै क्रममा बैंकको लेखापरीक्षण समितिको ४२ औं बैठकको सिफारिस समेतको आधारमा बैंकको आ.व. २०८२/८३ को लेखापरीक्षण गर्न आर्थिक प्रस्ताव पेश गर्ने ३ वटा फर्मको विवरण र आर्थिक प्रस्तावबारे कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो । जसअनुसार:

| **लेखापरीक्षकको नाम** | बि.आर.एस. न्यौपाने एण्ड कं., चार्टड एकाउन्टेन्ट्स | चन्द एशोशियट्स, चार्टड एकाउन्टेन्ट्स | एम तिवारी एण्ड चार्टड एकाउन्टेन्ट्स |
|---|---|---|---|
| **आर्थिक प्रस्ताव (कर समेत)** | रु. ८,४७,५००/- | रु.९,६०,५००/- | रु. १०,१७,००० /- |

उक्त जानकारी पश्चात सभाले सबैभन्दा कम आर्थिक प्रस्ताव पेश गर्ने श्री M/S. BRS Neupane & Co., Chartered Accountants लाई आ.व.२०८२/८३ को बैंकको लेखापरीक्षण (Tax Audit लगायत प्रचलित कानून/व्यवस्था बमोजिम प्रमाणित गर्नुपर्ने कागजात प्रमाणित गर्ने कार्य समेतको लागि) गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक कर समेत रु. ८,४७,५००/- (आठ लाख सच्चालीस हजार पाँच सय रुपैया) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गर्‍यो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को वित्तीय विवरण अनुसार उक्त आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफामध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैया) को ६.३१५८% (छ दशमलव तीन एक पाँच आठ प्रतिशत) ले हुने रकम रु.१,३६,४२,१२,८००/- (एक अर्ब छत्तिस करोड बयालिस लाख बाह्र हजार आठ सय रुपैया) नगद लाभांस (लाभांस कर प्रयोजन समेत) वितरण गर्न स्वीकृति प्रदान गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**(ख) सर्बसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको लागि निर्वाचन गर्ने ।**

सर्बसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचनसँग सम्बन्धित काम कारवाहीको जानकारी सभालाई गराउन कम्पनी सचिवले निर्वाचन अधिकृतलाई आव्हान गर्नु भए बमोजिम निर्वाचन अधिकृत श्री दुर्ग बहादुर राईले निर्वाचन कार्यक्रम तथा सोको परिणाम सभालाई जानकारी गराउनु भयो । जसअनुसार;

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन, २०८२ प्रयोजनको लागि मिति २०८२/०८/१७ गते विहान ११:०० बजेदेखि दिउसो २:०० बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने समय निर्धारण गरिएकोमा उक्त निर्धारित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा दर्ता हुन आएका उम्मेदवारहरुको सूची कार्यालयको सूचना पाटी तथा बैंकको वेभसाईटसमेतमा प्रकाशित गरी प्रकाशित उम्मेदवारको उम्मेदवारी उपर बैंकको सञ्चालक निर्वाचन निर्देशिका, २०७६ को नियम १४(क) बमोजिम दावी वा विरोधको उजुरी दिनको लागि मिति २०८२/०८/१७ गते समय दिउसो २:४५ बजेदेखि दिउसो ३:४५ बजेसम्म समय निर्धारण गरिएकोमा उक्त समयभित्र कुनै पनि उम्मेदवारउपर दावी वा विरोधको उजुरी पर्न नआएको तथा मनोनयन दर्ता गराउनु भएका उम्मेदवारहरुलाई बैंकको सञ्चालक निर्वाचन निर्देशिका, २०७६ को नियम १५(क) बमोजिम नाम फिर्ता लिनका लागि मिति २०८२/०८/१९ गते विहान ११:०० बजेदेखि दिउसो १:०० बजेसम्मको समय निर्धारण गरिएकोमा निर्धारित समयमा मनोनयन दर्ता गराउनु भएका कुनै पनि उम्मेदवारले नाम फिर्ता नलिनु भएकोले बैंकको निर्वाचन निर्देशिका, २०७६ को नियम १६ बमोजिम मिति २०८२/०८/१९ गते समय दिउसे ३:०० बजे यसअघि प्रकाशित उम्मेदवारहरुको नामावलीलाई यथावत रुपमा कायम राखी उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गरिएको थियो । यसै क्रममा बैंकको निर्वाचन निर्देशिका, २०७६ को नियम १५(ग) बमोजिम उम्मेदवारी दर्ता गराउनु भएका क्र.सं. ३ का प्रवीण सुवेदी र क्र. सं. ४ का पवन रिजाल क्षेत्री (प्रतिनिधि गौरा कन्स्ट्रक्सन प्रा.लि.) ले मिति २०८२/०८/२३ गते समय विहान क्रमश: १०:०० बजे र ११:०० बजे निर्वाचन अधिकृतसमक्ष उपस्थित भई उम्मेदवारी फिर्ता लिनु भएकोले नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. को सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचन गर्नुपर्ने २ जना उम्मेदवारको उम्मेदवारीमात्र कायम रहेको हुँदा बैंकको सञ्चालक निर्वाचन निर्देशिका, २०७६ को नियम १७ बमोजिम तपसिलका उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

| क्र.सं. | उम्मेदवारको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मनिष थापा | का.म.न.पा-३२, काठमाडौं | निर्विरोध निर्वाचित |
| २ | लिमा अधिकारी आचार्य | का.म.न.पा-१०, काठमाडौं | निर्विरोध निर्वाचित |



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

उक्त घोषणासँगै निर्विरोध निर्वाचित सञ्चालकहरुलाई सभामा निर्वाचन अधिकृतले प्रमाणपत्र हस्तान्तरण गर्नुहुँदै बधाई दिनुभयो ।

**(ग) विविध :**

विविध शिर्षक अन्तर्गत छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिदै आजको बैठक बिसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**१७. धन्यवाद ज्ञापन तथा सभा समापन**

अध्यक्षज्यूले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नुहुँदै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका आदरणीय शेयरधनी महानुभावहरुको गरिमामय उपस्थिति र सक्रिय सहभागिताका लागि धन्यवाद तथा आभार प्रकट गर्नु भयो । साथै, बैंकको सातौं वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्षरुपमा सहयोग गर्नुहुने अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरु, बैंकका लेखापरिक्षक, सुभेच्छुक महानुभावहरु, कर्मचारीहरु एवं सरोकारवालाहरु सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । करिब मध्यान्ह १२:३० बजे अध्यक्षज्यूले बैंकको सातौं वार्षिक साधारण सभा समापन गर्नुभयो ।

Nepal Infrastructure Bank Ltd. NIFRA ★ Kathmandu ★

**इश्वर बन्धु गौतम**
**कम्पनी सचिव**

**अनुज अग्रवाल**
**अध्यक्ष**
**मिति : २०८२/०८/२३**